बागमती प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय

# पूर्वाधार विकास निर्देशनालय

हेटौंडा, मकवानपुर

## उच्च सतर्कता अपनाउने सम्बन्धी अत्यन्त जरुरी सूचना !!

भोटेकोशी नदीमा तिब्बततर्फबाट ठूलो बाढी प्रवेश गरेको जानकारी प्राप्त भएकोले भोटेकोशी तथा त्रिशुली नदीको तटीय क्षेत्रमा (चितवन सम्म) उच्च सतर्कता अपनाउन सम्बन्धित सबैमा अनुरोध छ। हाल रसुवा, नुवाकोट, धादिङ, गोरखा, चितवन जिल्लामा पर्ने भोटेकोशी र त्रिशुली नदीको तटीय क्षेत्र उक्त बाढीका कारण उच्च जोखिममा रहेको हुँदा उक्त क्षेत्रमा बसोबास गर्ने सम्पूर्ण घरपरिवारलाई अर्को सूचना नभएसम्म सुरक्षित स्थानमा रहनुहुन तथा नदीको तटीय क्षेत्र, खोला–खोल्सी र जोखिमयुक्त स्थानमा नजानुहुन अनुरोध छ।

साथै, सम्भावित जनधनको क्षति न्यूनीकरणका लागि स्थानीय प्रशासन, सुरक्षा निकाय तथा सम्बन्धित निकायबाट जारी हुने पूर्वसूचना तथा निर्देशनको पालना गर्नुहुन अनुरोध छ। सम्बन्धित सबैमा उच्च सतर्कता अपनाउन हार्दिक अनुरोध छ।

बागमती प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
पूर्वाधार विकास निर्देशनालय
हेटौंडा, नेपाल